# प्रहरी प्रधान कार्यालय

## कार्य बिभाग

## (स्मारक गुठी)

### "अच्युत –मिना अशक्त प्रहरी कर्मचारी वृत्ति " छनौट समितिको

### सुचना

पूर्व प्रहरी महानिरीक्षक श्री अच्युत कृष्ण खरेल तथा नेपाल प्रहरी स्मारक गुठीद्वारा मिति २०७८।०६।२० गते स्थापित "अच्युत- मिना अशक्त प्रहरी कर्मचारी वृत्ति" नेपाल प्रहरीमा कार्यरत रहेका अशक्त प्रहरी कर्मचारीहरुको औषधी उपचार एवं जीविको पार्जनमा सहयोग पु-याउने अभिप्रायले यहि मंसिर महिनाबाट नेपाल प्रहरीका ७ जना अशक्त प्रहरी कर्मचारी छनौट गरी प्रति अशक्त मासिक रु ५०००/- (पाँच हजार) का दरले प्रदान गरिने भएकोले निम्न लिखित मापदण्ड भित्र पर्ने अशक्त प्रहरी कर्मचारीहरुको नामावली तथा अन्य कागजातहरु यस छनौट समितिको इमेल ठेगाना Smarakguthi@nepalpolice.gov.np मा १५ दिन भित्र पठाउन हुन अनुरोध गरिएको छ ।

**"अच्युत –मिना अशक्त प्रहरी कर्मचारी वृत्ति"**
**छनौट विधि ;-**

१. नेपाल प्रहरीमा कार्यरत रही कर्तव्य पालनाको सिलसिलामा कुनै घटना, मुटभेड, भिड नियन्त्रण, प्रकोप उद्धार, दुर्घटनामा वा अन्य कुनै प्रहरी काम कारवाही सिलसिलामा अशक्त भएका प्रहरी जवान, प्रहरी हवल्दार, प्रहरी सहायक निरीक्षक, प्रहरी नायव निरीक्षक र सिनियर प्रहरी अधिकृतहरु सहभागी हुन पाउने छन् ।

२. प्रहरी जवान-२, प्रहरी हवल्दार-२, प्रहरी सहायक निरीक्षक-१, प्रहरी नायव निरीक्षक -१, सिनियर प्रहरी अधिकृत -१, जना गरी जम्मा ७ जना अशक्त प्रहरी कर्मचारीहरुको छनौट गरिनेछ ।

३. अशक्त प्रहरी छनौट गर्दा अशक्तताको प्रतिशतको आधारमा वा नेपाल प्रहरी अस्पतालले गरेको सिफारिसको आधारमा वढि अशक्तता देखिएकोलाई प्राथमिकता राखि छनौट गरिने ।

४. छनौट गरिएका ७ जना दर्जागत अशक्त प्रहरी कर्मचारीहरुलाई प्रति अशक्त माशिक रुपमा रु ५००० का दरले छनौट भएका अशक्त प्रहरी कर्मचारीको वैंक खातामा पठाइने छ ।

५. यो अशक्त वृति प्राप्त गरेका अशक्त प्रहरी कर्मचारीहरुको देहान्त भएका निजको सट्टामा पून: सोही दर्जाका अन्य अशक्त प्रहरी कर्मचारीहरु छनौट गरिने छ ।

६. यो अशक्त वृत्ति रकम पूर्व प्रहरी महानिरीक्षक अच्युत कृष्ण खरेल जिवित रहुन्जेल मात्र उपलब्ध हुनेछ ।

७. यो अच्युत मिना अशक्त प्रहरी कर्मचारी वृत्ति रकमको सहि सदुपयोग भए नभएको समय-समयमा प्रहरी प्रधान कार्यालयले अनुगमन गर्ने र दुरुपयोग भएको पाइएमा नीजले प्राप्त गरी रहेको वृत्ति रोक्का गरी सोही दर्जाको अन्य अशक्त प्रहरी कर्मचारी छनौट गरिने छ ।

८. अशक्त प्रहरी कर्मचारीको छनौट गर्न सम्बन्धित कर्मचारीलाई प्रहरी अस्पतालमा वोलाउने वा सम्बन्धित कार्यालयमा नै गई चेकजाच गर्न सकिने ।

## आवश्यक कागजातहरु:-

१. निवेदन साथमा (पासपोट साइजको फोटो) २ वटा ।
२. कार्यरत प्रहरी कार्यालयको सिफारिस ।
३. अशक्त भएको भनि कुनै अस्पताल वा नेपाल प्रहरी अस्पतालले गरेको विषेश चिकित्सकको सिफारिस जसमा कति प्रतिशत भाग अशक्त हो र कुन अंग हो सो खुलेको हुनु पर्ने ।
४. कुन घटनामा परि अशक्त भएको हो सोको विवरण खुल्ने कागजातहरु ।
५. सम्बन्धि कर्मचारीको तिन पुस्ते विवरण ।
६. अशक्त भएको अंगको कलर फोटो ।
७. अशक्त प्रहरी कर्मचारीको बैंक खाता विबरण ।

प्रहरी प्रधान कार्यालय कार्य विभाग, स्मारक गुठी
**"अच्युत –मिना अशक्त प्रहरी कर्मचारी वृत्ति"**
छनौट समिति
मिति २०७८।०७।१० गते ।